थलारा गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः९ संख्याः३ मिति २०८२ साल असार २२ गते

## भाग -१

### थलारा गाउँपालिकाको विनियोजन ऐन, २०८२

गाउँ सभाबाट पारित मिति २०८२।३।१६
प्रमाणिकरण मिति २०८२।३।२२

**प्रस्तावना**

थलारा गाउँपालिकाको आर्थिक बर्ष २०८२।८३ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम गाउँसभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१)यस ऐनको नाम "थलारा गाउँपालिकाको विनियोजन ऐन, २०८२" रहेको छ ।

(२) यो ऐन २०८२ साल श्रावण १ गते देखि प्रारम्भ हुनेछ ।

२. **आर्थिक वर्ष २०८२।८३ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः** (१) आर्थिक वर्ष २०८२।८३ को निमित्त गाउँ कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च र पूँजिगत खर्च रकम समेत गरी जम्मा

रकम रु. ४७,३०,२३,०००.०० अक्षरुपीः रुपैयाँ सड्चालिस करोड तीस लाख तेइस हजार मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम स्थानीय सञ्चित कोषबाट खर्च गर्न सकिने छ ।

(२) संघीय सरकारबाट सशर्त अनुदानको रुपमा प्राप्त हुने बजेट तथा कार्यक्रमको हकमा संघीय सरकारबाट तोकिएको कार्यक्रममा तोकिएको कार्यविधि बमोजिम नै खर्च गरिनेछ ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि सशर्त अनुदान वा संघीय सरकारबाट हस्तान्तरित भई प्राप्त हुने थप बजेटको हकमा उक्त रकम समेत स्थानीय संचित कोषबाट खर्च गर्न सकिनेछ।

३. **विनियोजनः** (१) यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०८२।८३ को निमित्त थलारा गाउँपालिको गाउँ कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिने छ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँ कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको २५ प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षक तर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्च तर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

तर चालु तथा पूँजिगत खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिने छ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको २५ प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्नु परेमा गाउँसभाको स्वीकृति लिनु पर्नेछ ।

४. **कार्यविधि,निर्देशिका वा मापदण्ड बनाउने अधिकारः** (१) यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्ने कार्यलाई व्यवस्थित बनाउन थलारा गाउँपालिको गाउँ कार्यपालिकाले आवश्यक कार्यविधि, निर्देशिका वा मापदण्ड बनाइ लागु गर्न सक्नेछ।

(२) यस ऐनको कार्यान्वयनमा कुनै बाधा उत्पन्न भएमा गाउँ कार्यपालिकाले आवश्यक निर्णय वा निर्देशन गर्न सक्नेछन्।

अनुसूची - १

(दफा २ संग सम्बन्धित)

नेपालको संविधानको धारा २२९ (२) बमोजिम

स्थानीय संचित कोषबाट विनियोजन हुने रकम (रु.हजारमा)

| सि नं | बजेट उपशिर्षक | चालु तर्फ | पुजीगत तर्फ | जम्मा बजेट |
|---|---|---|---|---|
| १ | ८०७७०५०६१०१ थलारा गाउँपालिका | ८०,१५७.१६ | ३४,५६५.८४ | १,१४,७२३.०० |
| २ | ८०७७०५०६१०२ थलारा गाउँपालिका पशु विकाश शाखा | २,९५०.०० | १,०५०.०० | ४,०००.०० |
| ३ | ८०७७०५०६१०३ थलारा गाउँपालिका कृषि विकास कार्यक्रम | २,६६२.०० | १,१५०.०० | ३,८१२.०० |
| ४ | ८०७७०५०६१०४ थलारा गाउँपालिका शिक्षा युवा तथा खेलकुद | २६,४३०.०० | ०० | २६,४३०.०० |
| ५ | ८०७७०५०६१०५ थलारा गाउँपालिका स्वास्थ्य शाखा | ११,७५०.०० | ३५०.०० | १२,१००.०० |
| ६ | ८०७७०५०६१०६ थलारा गाउँपालिका आयुर्वेद शाखा | ७५०.०० | ०० | ७५०.०० |
| ७ | ८०७७०५०६२०१ थलारा गाउँपालिका वडा नं. १ | ९३५.०० | ३,९२५.०० | ४,८६०.०० |
| ८ | ८०७७०५०६२०२ थलारा गाउँपालिका वडा नं. २ | ६४५.०० | ५,२५०.०० | ५,८९५.०० |
| ९ | ८०७७०५०६२०३ थलारा गाउँपालिका वडा नं. ३ | ८४५.०० | ४,८२५.०० | ५,६७०.०० |
| १० | ८०७७०५०६२०४ थलारा गाउँपालिका वडा नं. ४ | ८९५.०० | ४,३५०.०० | ५,२४५.०० |
| ११ | ८०७७०५०६२०५ थलारा गाउँपालिका वडा नं. ५ | ६४५.०० | ३,६००.०० | ४,२४५.०० |
| १२ | ८०७७०५०६२०६ थलारा गाउँपालिका वडा नं. ६ | ६४५.०० | ४,५२५.०० | ५,१७०.०० |
| १३ | ८०७७०५०६२०७ थलारा गाउँपालिका वडा नं. ७ | १,२४५.०० | ३,६५०.०० | ४,८९५.०० |
| १४ | ८०७७०५०६२०८ थलारा गाउँपालिका वडा नं. ८ | १,५४५.०० | ३,१८०.०० | ४,७२५.०० |
| १५ | ८०७७०५०६२०९ थलारा गाउँपालिका वडा नं. ९ | ८०५.०० | ५,४७३.०० | ६,२७८.०० |
| १६ | ८०७७०५०६५११ संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम (शसर्त अनुदान) | २०६,४२८.०० | ८,७७२.०० | २,१५,२००.०० |
| १७ | ८०७७०५०६५१२ संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम (विषेश अनुदान) | ०० | १४,१००.०० | १४,१००.०० |
| १८ | ८०७७०५०६५१३ संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम (समपुरक अनुदान) | ९,९५०.०० | ०० | ९,९५०.०० |
| १९ | १७८०७७०५०६५२१ प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम (शसर्त अनुदान) | ०० | ५,६००.०० | ५,६००.०० |

| | | | | |
|---|---|---|---|---|
| २० | ८०७७०५०६५२२ प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम (बिशेष अनुदान) | १,०००.०० | ६,५००.०० | ७,५००.०० |
| २१ | ८०७७०५०६५२३ प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम (समपुरक अनुदान) | ०० | ११,८७५.०० | ११,८७५.०० |
| | जम्मा | ३,४०,३३२.१६ | १,३२,३९०.८४ | ४,७३,०२३.०० |
| कुल जम्मा रकम रु ४७,३०,२३,००० (अक्षरुपीः रुपैयाँ सड्चालिस करोड तीस लाख तेइस हजार मात्र। | | | | |

प्रमाणिकरण मिति २०८२।३।२२

आज्ञाले,
प्रयाग राज पाध्या
प्रमुख प्रशासकीय अधिकृत